# स्थानिय राजपत्र

## भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ७ | संख्याः ०९ | मितिः२०८२/०८/०२


**भाग-०२**

**भानु नगरपालिका**

भानु नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको निम्नानुसार कार्यबिधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुरुप सार्बजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०८१

**प्रमाणिकरण मितिः२०८१/०७ /२९**

**प्रस्तावनाः**

कृषि पेशालाई प्रवर्द्धन तथा प्रोत्साहन गरी उत्पादनलाई व्यवसायिकीकरण गर्दै वास्तविक कृषकको बिचमा प्रतिफलको पहुँच पुर्याउन उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्न वान्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ 'ण' मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी भानु नगरपालिकाले देहायको कार्यविधि २०८१ वनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यस कार्यविधिको नाम "उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८१" रहनेछ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा र व्याख्याः</u>

(क) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) **"उप-प्रमुख"** भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) **"उत्पादक"** भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक, कृषि कम्पनी, कृषि फार्म, कृषक समुह र कृषि सहकारी सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले भानु नगरकार्यपालिका सम्झनुपर्छ।

(ङ) **"कृषक"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि कम्पनी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले भानु नगरपालिका सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) **"वडा"** भन्नाले नगरपालिकाको वडा सम्झनुपर्छ।

(ञ) **"शाखा"**भन्नाले कृषि विकास शाखालाई सम्झनुपर्छ।

(ञ) )**"सूचिकृत संस्था"** भन्नाले भानु नगरपालिकामा दर्ता भई यस कार्यविधि दफा ५ बमोजिम सूचिकृत संस्थालाई सम्झनुपर्छ।

**३. <u>प्रस्तुत कार्यविधिको उद्देश्य</u>** : हाल भानु नगरपालिकाभित्र अधिकाश कृषकहरुलाई निर्वाहमुखी कृषि व्यवसाय गरिरहेको अवस्थालाई मध्यजनर गर्दै कृषकहरुलाई अझ व्यवसायिक बनाउन प्रेरित गराउदै पालिकस्तरीय कृषि उत्पादनमा बृद्धि गराउन कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने ।

४. <u>विभिन्न संस्थालाई कृषि उपज संकलनको लागि सुचना प्रकाशन गर्नेः</u>

(१)कृषि विकास शाखाले उत्पादकवाट तोकिएको मुल्यमा यस भानु नगरपालिका भित्र उत्पादन भएको कृषि उपज खरिद गर्न चाहाने कृषि फर्म, कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद विक्रि

केन्द्र, साझेदार कृषि वजार, संकलन केन्द्र जस्ता संस्थालाई सुचिकृत हुनको लागि ३० दिनको अवधि दिई सूचना प्रकाशन तथा प्रशारण गर्नु पर्नेछ।

(२) उपदफा १ माथि जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक वर्षको अवधिमा विभिन्न पटक सूचना प्रकाशित गरी सुचिकृत गर्न सक्नेछ ।

**५. <u>निवेदन दिई सुचिकृत हुनुपर्नेः</u>** (१) दफा ४(१) बमोजिमको सुचना प्रकाशन भए पछि उत्पादकवाट कृषि उत्पादन खरिद गर्न चाहाने तथा उत्पादनका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन चाहाने कृषि फर्म,कम्पनी, कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद विक्री केन्द्र, साझेदार कृषि वजार, संकलन केन्द्र जस्ता संस्थाले सो सूचनाको अवधि भित्र देहायको विवरण खुल्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(क) संस्थाको नाम र ठेगाना

(ख) संस्थाको सेयर पूँजी

(ङ) संस्थाको कारोवार रकम

(च) संस्थाको कार्यक्षेत्र

(छ) कृषि उपज खरिद गर्न चाहेको क्षेत्र वा वडा

(ज) कृषि उपज खरिद, ढुवानी, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धि विवरण त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्वन्धि

(ण) अन्य विवरण

२. उपदफा १ बमोजिम दिइने निवेदनका साथ सस्था दर्ता तथा नविकरणको प्रमाणको प्रतिलिपि तथा शाखाले मागेका आवश्यक कागजातको प्रतिलिपि समेत उपलव्ध गराउनु पर्नेछ।

३. उपदफा (१) बमोजिम प्राप्त निवेदनका आधारमा संस्थाको दफा ४ बमोजिम प्रकाशन भएको सूचनाको अवधि समाप्त भएको मितिले सात दिन भित्र छनौट गरी सुचिकरण गर्नु पर्दछ।त्यसरी सुचिकरण संस्थाको नाम र ठेगाना सहितको विवरण सार्वजनिक गर्नुपर्दछ।

**६. <u>कृषि उपज खरिदका लागि क्षेत्र निर्धारण गर्नेः</u>** कृषि विकास शाखाले सूचिकृत संस्थाले कृषि उपजको खरिद गर्ने कार्यक्षेत्र निर्धारण गरिदिनेछ।यसरि निर्धारण गर्दा सम्भव भएसम्म संस्थाको कार्यक्षेत्र वा निजले माग गरेको वडाको आधारमा निर्धारण गरिनेछ।

(२)उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सूचिकृत कुनै संस्थालाई सो उपदफा बमोजिम निर्धारण गरिएको खरिद गर्ने कार्यक्षेत्रवाट कृषि उपज खरिद गर्न नसकेको अवस्थामा सोहि कार्यक्षेत्रको वा सो कार्यक्षेत्र भन्दा वाहिर कार्यक्षेत्र भएको अर्को सूचिकृत संस्थाले समेत कृषि उपज खरिद गर्न सक्ने गरी शाखाले कार्यक्षेत्र निर्धारण र संसोधन गर्न सक्नेछ।सुचिकृत संस्थाको चलायमानताको आधारमा पालिकास्तरिय कृषि सहकारी तथा संकलन केन्द्र छनौट हुनेछ।

(३) कृषि विकास शाखाले यस दफा बमोजिम कार्यक्षेत्र निर्धारण गरेको जानकारी सम्वन्धित सुचिकृत संस्था र कार्यक्षेत्र पर्ने सम्वन्धित वडा कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(४) छनौट भएको कृषक समुह, कृषि सहकारी तथा संकलन केन्द्र र नगरपालिका बीच अनुसुचि-६ बमोजिमको सम्झौता हुनेछ।

(५) पालिकाद्धारा छनौट भएको पालिकास्तरीय सूचिकृत संस्थाद्धारा कृषि उपजहरुको दैनिक खरिद र बिक्रि मुल्य कायम गर्नको निम्ति मुल्य निर्धारण समिति गठन गर्नेछ र सो मुल्यको आधारमा तोकिएको पालिकास्तरिय तथा वडा स्तरीय सुचिकृत संस्थामा अनुसुची-३ बमोजिमको ढाँचामा बिक्री अभिलेख राखिनेछ।

७. <u>उत्पादकको विवरण संकलन गर्नेः</u>

१) सूचिकृत संस्थाले दफा ५ वमोजिम निर्धारण क्षेत्रका कृषि उत्पादकबाट खरिद गर्नुपर्ने कृषि उपजको अनुमानित परिमाणको यकिन गर्न र बिक्री गर्न चाहेको कृषि उपजको विवरण माग गरी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

२) उत्पादकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि नगरपालिकाद्धारा निर्धारित कुनै एक सूचिकृत संस्थामा अनुसूची-४ बमोजिमको निवेदन पेश गरी सूचिकृत हुनुपर्नेछ र सो कृषि सहकारी वा संकलन केन्द्रबाट कृषि उपजको कारोबार गर्नुपर्नेछ ।

३) सूचीकृत संस्थाले उपदफा १ बमोजिम प्रकाशित सूचना प्राप्त उत्पादकको विवरण तथा खरिद गर्नु पर्ने कृषि उपजको अनुमानित परिमाणको एकिकृत विवरण कृषि विकास शाखालाई दिनु पर्नेछ।

४) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि सो दफा प्रारम्भ हुनु अघिबाट नै कृषि उपज खरिदको काम गरी रहेका संस्थाले यस दफा वमोजिम सूचना प्रकाशन गरिरहनु पर्ने छैन।

८.<u>कृषि उपज खरिद गर्नुपर्नेः</u>

१) सूचिकृत संस्थाले दफा ५ बमोजिम निर्धारित क्षेत्र भित्रका उत्पादकको कृषि उपज तोकिएको मुल्यमा खरिद गर्नुपर्नेछ।

२) उपदफा (१) को प्रयोजनको लागि सूचिकृत संस्थाले सम्वन्धित क्षेत्रको कृषि उपज खरिद गरिने मिति, खरिदको लागि निर्धारण स्थाल वा केन्द्र र त्यसरी खरिद गरेको मुल्य, भुक्तानी हुने समय र विधि सम्वन्धित सबैलाई जानकारी गराउनुपर्नेछ।

**९.उत्पादकलाई रकम भुक्तानी गर्नेः**

१) सूचिकृत संस्थाले उत्पादकबाट उत्पादित कृषि उपजको प्रत्यक्ष रुपमा खरिद गरि त्यसरी खरिद गरेको दिनमा वा खरिद गरेको मितिले १५ दिन भित्र सम्वन्धित उत्पादकको बैंक खातामा रकम भुक्तानी गरी सक्नु पर्नेछ।

(२) सूचिकृत संस्थाले उपदफा (१) वमोजिम रकम भुक्तानी गरेमा जानकारी रकम भुक्तानी गरेको नाम, थर, ठेगाना, भुक्तानी गरिएको रकम तथा खाता रहेको बैंक तथा बैंक खाता नम्वर, खरिद गरेको कृषि उपजको कुल परिमाण उल्लेख गरी शाखामा पेश गर्नुपर्नेछ।

**१०.कृषि उपजको गुणस्तर र मुल्यः**

कृषि उपजहरु तथा सो गुणस्तर व्यवस्थापन समितिले प्रमाणित गरे अनुसार हुनेछ।

**११. कृषि अनुदान तथा आर्थिक सहायताः**

(१)कृषि उपज खरिद गरेको रकम उत्पादकलाई भुक्तानी गरेको जानकारी शाखालाई प्राप्त भएपछि सम्वन्धित वडाको सिफारिस तथा शाखाले उत्पादकले भुक्तानी पाएको नपाएको जाँच गरि भुक्तानी पाएको देखिएमा तोकिएको मुल्यमा थप २५% कृषि उपजको परिमाण वमोजिम हुन आउने अनुदान वापतको एकमुष्ट रकम सम्वन्धित सुचिकृत संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ।यसरि भुक्तानी भएको रकम सम्वन्धित सुचिकृत सस्थाले दफा १० को उपदफा (२) र (३) अनुसार बाँडफाँड गरि सम्वन्धित लाभग्राहिलाई भुक्तानी गर्नुपर्दछ।

(२) उपदफा सूचिकृत संस्थाले उत्पादकबाट उत्पादित कृषि उपज खरिद, भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतका अन्य खर्च व्यवस्थापनका लागि खरिद परिमाणको आधारमा प्रति केजी मुल्यको १०% का दरले सूचिकृत संस्थालाई प्रोत्साहन रकम उपलव्ध गराइनेछ।

(३) कृषकहरुबाट उत्पादित कृषि उपज सूचिकृत संस्थामा विक्री गरेवापत विक्री परिमाणको आधारमा प्रति केजी मुल्यको १५% का दरले कृषकलाई प्रोत्साहन रकम उपलव्ध गराइनेछ।

(४) सूचिकृत संस्थाले अनुसुचि-५ बमोजिमको ढाँचामा, सुचिकृत भएका कृषकहरुको मासिक बिक्री अभिलेख नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५) सूचिकृत संस्थाबाट नगरपालिकामा प्राप्त हुने, सुचिकृत कृषकहरुको पालिकास्तरिय मुल्य निर्धारण समितिद्धारा निर्धारित मुल्यमा अनुसुचि-५ बमोजिमको बिक्री अभिलेख र बिक्री मुल्यको आधारमा नगरपालिकाद्धारा अनुदान रकम सहकारीलाई भुक्तानी हुनेछ र सम्बन्धित सहकारीहरुद्धारा कृषकहरुमा वितरण हुनेछ।

(६) यदि कुनै कारण बस तोकिएको कृषि उपज तोकिएको मूल्य भन्दा कम मूल्यमा बेच्नु परेमा उत्पादकले तोकिएको मूल्य नै पाउनेछन्। उपभोक्ताले सस्तो पाउनेछन् भने खरिदकर्ताले खरिद गरेपछी बजारमा विक्री गर्दा विभिन्न बजार मुल्यको औषत मूल्य कायम गरी खरिद र विक्री मुल्यमा के कति कम हुन्छ सो वरावरको रकम सुचिकृत संस्थाको वैंक खातामा भुक्तानी हुनेछ।सोको लागि खरिद कर्ताले विक्री गरेको परिमाण विल र सो दिनको औषत मूल्य कायम गरेको संस्थाको निर्णय सहित शाखामा पेश गर्नुपर्नेछ।

१२.<u>उत्पादकले पालना गर्नुपर्ने शर्तहरुः</u>

(१) सुचिकृत कृषक समुह, कृषि सहकारी तथा कृषि संकलन केन्द्रले प्रचलित कानुन बमोजिम पालना गर्नुपर्न शर्तका अतिरिक्त देहायका शर्तहरुको पालना गर्नु पर्नेछ। उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको बिक्री अभिलेखीकरण सम्बन्धित वडाको लागि नगरपालिकाद्धारा तोकिएको संकलन केन्द्रमा दर्ता गराउनु पर्दछ ।

(२)कृषि उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वंयमले समेत राख्नुपर्दछ ।

(३) उत्पादन गरिएका कृषि उपजहरु स्वस्थ्य गुणस्तरिय हुनुपर्दछ। सकेसम्म ग्रडिङ्ग गरेर मात्र वजारमा पठाउनुपर्दछ।विषादी प्रयोग गरेको भए पर्खनु पर्ने समय कुरेर मात्र वाली टिपेको हुनुपर्दछ।गुणस्तरिय वस्तु वा कम गुणस्तरको वस्तु विक्रीको लागि ल्याएको खरिद कर्ताले खरिद गर्न वाध्य हुनेछैन।

(४)उत्पादकहरु शाखामा आफ्नो वार्षिक उत्पादन योजना सहित सूचिकृत हुनुपर्दछ साथै सम्वन्धित खरिद गर्ने संस्था आफ्नो उत्पादन सहित आवेदन दिनुपर्दछ।

(५) उत्पादकले ढाँटछल गरि अन्य क्षेत्रको उत्पादन आफ्नो भनी बिक्री गरेमा वा परीक्षण गर्दा गुणस्तरहिन वा कम गुणस्तरको उत्पादन भेटिएमा त्यस्ता कृषकलाई प्रचलित कानुन वमोजिम कारवाही गरिनेछ र कालो सूचिमा राखी सूचिकृत लिस्टवाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलव्ध गराइनेछैन।

१३. <u>सुचिकृत संस्थाले पालना गर्नुपर्ने शर्तहरु</u> :

(१) सूचिकृत कृषक समुह, कृषि सहकारी तथा कृषि संकलन केन्द्रले प्रचलित कानुन बमोजिम पालना गर्नुपर्न शर्तका अतिरिक्त देहायका शर्तहरुको पालना गर्नु पर्नेछ।

(क) कार्यविधिको पालना गर्ने

(ख) कृषि उपजको खरिद विक्री सम्वन्धी न्युनतम मापडण्डको पालना गर्ने।

(ग) कृषकहरुलाई कृषि उपजको भुक्तानी तोकिएको समयमा उपलव्ध गराउनु पर्ने।

(घ) सूचिकृत संस्थाद्वारा गलत विवरण खरिद विक्री र मूल्यको अभिलेखिकरण गलत वा झुटा ठहरिएमा तथा खरिद गरेको कृषि उपजको परिमाण अनुसारको रकम यस कार्यविधिमा उल्लेख भएको अवधी भित्र उत्पादकलाई भुक्तानी नदिएमा प्रचलित कानुन अनुसार कारवाही गरिनेछ र कालो सूचिमा राखि सुचिकृत लिष्टवाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलव्ध गराइनेछैन।

(ङ)भुक्तानी माग गर्दा सम्वन्धित सस्थाको भुक्तानी मागको निर्णय सहितको निवेदन, अनुसुचि ३ बमोजिमको ढाँचामा अनुसुचि १ मा उल्लेखित बालीहरुको विक्री अभिलेख तथा भरपाई, विक्री गरेको विल, वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

## १४. <u>कृषि उपज खरिदका लागि बजेट व्यवस्थापन</u>ः

कृषकहरुको कृषि उपज खरिदका लागि आवश्यक बजेट खरिदकर्ता स्वंयमले व्यवस्थापन गर्नुपर्नेछ।यसरी खरिद गर्न खरिदकर्ताको लागि आवश्यक पर्ने घर लगायतका पुर्वाधार, प्रशोध मेशिनरी उपकरण खरिदमा पालिकाले प्राथामिकता दिन सक्नेछ।

## १५. <u>विधमान संरचनाको उपभोग गर्न सक्ने</u>ः

१) सूचिकृत संस्थाले खरिद गरिएको कृषि उपज भण्डारणको लागि भानु नगरपालिका मातहतका गोदामघरहरु भण्डारण लागि उपयुक्त संरचना उपयोग गर्न नगरपालिका र सूचिकृत संस्था बीचको आपसी समझदारीमा न्युनतम शुल्क तोकि भाडामा दिन सकिनेछ।

## १६. <u>अनुदान व्यावस्थापन समितिको व्यावस्था</u>ः

१) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको कार्यान्वयनको क्रममा सहयोग, समन्वय,सहजिकरण र मार्गदर्शनका लागि देहाय बमोजिमको कृषि अनुदान व्यावसथापन समिति रहनेछ।

(क) संयोजकः- नगरपालिका प्रमुख
(ख) सदस्यः नगरपालिका उपप्रमुख
(ग) सदस्यः प्रमुख प्रशासकीय अधिकृत
(घ) सदस्यः आर्थिक विकास समिति संयोजक
(ङ) सदस्यः आर्थिक विकास समितिका सदस्यहरु
(च) सदस्यः प्रतिनिधि उधोग वाणिज्य संघ
(छ) सदस्यः कृषि विकास शाखाका प्राविधिकहरु
(ज) सदस्यः पशु विकास शाखा प्रतिनिधि (२ जना)

(च) सदस्य सचिवः कृषि शाखा प्रमुख

२) समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) मूल्य निर्धारण समितिले निर्धारण गरेको मुल्य निर्धारण गरि प्रमाणित गर्ने।

(ख) उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयन सहजिकरण गर्ने।

(ग) सूचिकृत संस्था र उत्पादक बीचमा खरिद विक्री तथा रकम भुक्तानी सम्वन्धामा सहजिकरण तथा समन्वय गर्ने।

(घ) तोकिएको मूल्यमा कृषि उपजको खरिद विक्री भए नभएको सम्वन्धमा अनुगमन गर्ने।

३) उपदफा १ वमोजिमको अनुदान व्यवस्थापन समितिको वैठकमा सो समितिले आवश्यकता अनुसार सम्वन्धित विषयका अन्य सरोकारवालाहरु आमन्त्रण गर्न सक्नेछ।

१७. <u>मूल्य निर्धारण समिति र कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u>

१) नगरपालिका भित्रको सम्पूर्ण वडाहरुमा संकलन र बिक्री दररेटमा समानता कायम गर्न मूल्य निर्धारण समिति रहनेछ र सहकारीको अभिलेखिकरणमा समितिले तोकेको दररेटमा राखुपर्दछ।

२) देहाय बमोजिमको सदस्यहरुलाई समेटेर पालिकास्तरीय मूल्य निर्धारण समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत | | संयोजक |
| ख) सूचिकृत संस्थाहरुमध्यवाट सवै क्षेत्र पर्ने गरि व्यवस्थापन समितिले तोकेको | ४ जना | सदस्य |
| ग) कृषक संजाल प्रतिनिधि (कृषि तथा पशु पालनमा संलग्न | २ जना | सदस्य |
| घ) बजार प्रतिनिधि | २ जना | सदस्य |
| ङ) सहकारी शाखा प्रतिनिधि | १ जना | सदस्य |
| च) पशु सेवा शाखा प्रतिनिधि | १ जना | सदस्य |
| छ) कृषि विकास शाखा प्राविधिकहरु | | सदस्य |
| ज) कृषि शाखा प्रमुख | | सदस्य सचिव |

१८ <u>कार्यक्रम व्यवस्थापनामा खर्च गर्न सकिनेः</u>

कार्यविधिमा तोकिए वमोजिम कार्यक्रम गर्न प्रचार प्रसार, अनुगमन, वैठक, छपाई, अनुगमन जस्ता कार्यक्रम व्यवस्थापनमा खर्च गर्नु परेमा भानु नगरपालिका र सूचिकृत संस्थाले शत प्रतिशत अनुदान दिन सक्नेछ।

१९. <u>अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नुपर्ने</u>ः

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नुपर्नेछ।

२०. <u>जिम्मेवार हुने</u>ः

कुनै विशेष कारण बस वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समय सिमाभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयंम जिम्मेवार हुनेछ।

२१. <u>कारवाहीको व्यवस्था</u>ः

लाभग्राहीले अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

२२. <u>बाधा अड्काउ फूकाउ</u>ः

यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्धिविधा भएमा सो को निरुपण नगरकार्यपालिकाले गर्नेछ। यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

**अनुसुची-१**

कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना

सुचना।सूचना।।सूचना।।।

यस कार्यलयको आ.व २०................को स्विकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न ईच्छुक ........................ले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ।

१. अनुसुची- २ अनुसारको ढाँचामा निवेदन,

२. सूचिकृत हुन चाहाने संस्थाको निर्णय,

३. वडा कार्यालयको सिफारिस,

४. संस्थाको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता र गत वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

५. कृषकहरुको विवरण।

## अनुसूची-२

कृषि तथा पशुजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा कृषि फर्म, कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मिति २०  ।   ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भानु नगरपालिकाको कार्यालय
फुस्रेटार, तनहु

**विषयः उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ......................................गते प्रकाशन गरिएको सूचना अनुसार भानु नगरपालिका वडा नं .............. मा अवस्थित श्री..................... कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद बिक्रि केन्द्र, साझेदार कृषि वजार, संकलन केन्द्रले सामुहिक रुपमा ......................................................संकलन गरी खरिद तथा बिक्री कार्यमा संलग्न भएकोले यस संस्था मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

**तपशिल**

१.अनुसुची-२ वमोजिमको निवेदन पत्र,
२.संस्थाको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
३.संस्थाको अभिलेखको प्रतिलिपि,
४.कार्यक्रम माग सम्वन्धी कार्यकारीणि समितिको निर्णयको प्रतिलिपि,
५.यस कार्यविधीको दफा ५ मा माग गरिएका अन्य विवरणहरु।

**अनुसुचि-३**

उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका निम्ति सहजिकरण गर्ने ................
................................ सुचिकृत सस्था र भानु नगरपालिका बिच भएको
समझदारी पत्र

**पृष्ठभुमिः**

**भानु नगरपालिका** भित्रका निर्वाहमुखि कृषकहरुलाई ब्यवसायीकरण गर्न र व्यवसायीक कृषकहरुलाई थप प्रोत्साहन गर्नका निम्ति भानु नगरपालिकाद्वारा "उत्पादनमा आधारित अनुदान कार्यक्रम" कार्यक्रम संचालनमा ल्याइएको छ।यस कार्यक्रम अन्तर्गत कृषकहरुको उत्पादनको बिक्रि मुल्यमा १५ प्रतिशत थप रकम नगरपालिकाद्धारा प्रोत्साहन स्वरुप सुचिकृत सस्था र उत्पादकले प्राप्त गर्नेछन्।कृषकहरुको बिक्रि मुल्यको आधारमा अनुदान वितरण कार्यक्रम संचालन गर्दा प्रत्येक वडामा रहेका कृषकहरु सुचिकरण गर्न, दैनिक बजार मुल्य कायम गर्न,कृषि उपजको बिक्रि अभिलेखिकरण गर्न र अनुदान रकम संबन्धित कृषकहरुलाई वितरण गर्नका निम्ति नगर कार्यपालिकाको निर्णयद्धारा सबै वडाको निम्ति सुचिकृत सस्था निर्धारित भइसकेको हुदा भानु नगरपालिका र ................................ सुचिकृत सस्था बिच तपसिल बमिजिमको सम्झौता शर्तहरुमा राजि भई यस समजदारी पत्रमा हस्ताक्षर गरियको छ।

सम्झौता शर्तहरुः

- सुचिकृत सस्थाले संबन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नेको निम्ति आफ्नो संस्था/केन्द्रमा कृषकको खेति विवरणको अभिलेख राखि सुचिकृत गर्नुपर्ने छ।
- सुचिकृत सस्थाले सुचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रिको कारोबार नगरपालिकाबाट प्राप्त ढाँचामा अभिलेखिकरण गर्नुपर्ने छ।
- सुचिकृत सस्थाले दैनिक कारोबारको अभिलेखिकरण पालिकास्तरिय मुल्य निर्धारन समितिद्धारा निर्धारित मुलयको आधारमा राख्नुपर्नेछ र पालिकाले प्रथामिकतामा राखेको २६ वटा तरकारीबाली बाहेकको अभिलेख सो ढाँचामा राखिनेछैन।
- अनुदान रकम भुक्तानिको निम्ति कृषि उपज बिक्रि कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहकरी संस्था/संकलन केन्द्रले मासिक रुपमा नगरपालिकामा पेस गर्नुपर्नेछ।

- सहकरी संस्था/संकलन केन्द्रद्धारा पेस भएको बिक्रि कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधारमा कुल बिकृ मुल्यको १५ प्रतिशत अनुदान रकम सहकारी संस्था/संकलन केन्द्रलाई भुक्तानि हुनेछ।
- भुक्तानि भएको अनुदान रकम बिक्रि अभिलेखको आधारमा सुचिकृत सस्थाद्धारा संबन्धित उत्पादकलाई हस्तान्तरण गर्नुपर्नेछ।
- यदि सुचिकृत सस्थाद्धारा राखिएको खरिद/ बिक्री र मुल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा सो सुचिकृत सस्थालाई पालिकाद्धारा कालोसुचीमा राखिने छ तथा नियमअनुसार कारवाही गर्ने अधिकार भानु नगरपालिकालाई हुनेछ।
- आवस्यक अन्य कुराहरु नगरपालिका वा शाखाले थपघट गर्न सक्नेछ।

<u>प्रथम पक्षः</u>
...................................................
सहकारी संस्था/संकलन केन्द्र
*सहकारी अध्यक्षको नामः
*हस्ताक्षरः
*संस्था/केन्द्रको छापः

<u>दोस्रो पक्ष</u>
भानु नगरपालिका
प्र.प्र.अः
हस्ताक्षरः

कार्यालयको छापः

# अनुसूचि-४
## (निवेदन)

मितिः............................

श्री ..............................................................................

..................................................................................सहकारी

भानु नगरँपालिका वडा नं............, तनहु

विषय : सूचिकृत हुन पाउँ भन्न`बारे ।

प्रस्तुत विषयमा यस सहकारी संस्था/समुहद्धारा कृषक सूचिकरणको लागि प्रकाशित सूचना बमोजिम म..........................................(सदस्याता नं...................) भानु नगरपालिका वडा न....... , टोल......................................... निवासी म व्यावसायीक कृषि उत्पादन गर्दै आएकोमा यस संस्थामार्फत कृषक सूचिकृत हुन पाउँ भनी तपसिलको ढाचामा कृषि उपज उत्पादन सम्बन्धी विस्तृत विवरण सहित निवेदन पेश गर्दछु ।

| मुख्य बाली | खेतीगरेको जमिनको क्षेत्रफल ( रोपनी) | बार्षिक उत्पादन परिमाण (के.जी./क्वीन्टल) | बार्षिक बिक्री परिमाण (के.जी./क्वीन्टल | मुख्य बाली | खेतीगरेको जमिनको क्षेत्रफल ( रोपनी) | उत्पादन परिमाण (के.जी./क्वीन्टल) | बिक्री परिमाण (के.जी./क्वीन्टल |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदक नाम :

हस्ताक्षर :

सम्पर्क

# अनुसुचि-५
## (अभिलेख)

सहकारीको नाम : ......................................................

वडा नं. ..................................................................

**(कृषकले न्युनतम समर्थन मूल्य वा उत्पादनमा आधारित अनुदान मध्ये एक मात्र प्राप्त गर्ने छ )**

| क.स | मिति | वालीको नाम | कृषकको नाम | ठेगाना | वाली लगाएको क्षत्रफल | तरकारी तथा मसला बाली (के.जी) **(क)** | दर प्रति केजी(बजार मूल्य) **(ख)** | जम्मा खरिद मुल्य रू. **(ग) = (क)×(ख)** | नगरपालिकाबाट पाउने विक्रि मुल्यको २५%अनुदान रु. (घ) = ०.२५ ×(ग) | कृषकले पाउने रकम रु. (ङ) = **घ×१५%** | सहकारीले पाउने रकम (सेवा सुल्क )**(च)=घ×१०%** | कृषकले खुद बुझिलिने रकम**(घ)= ग+घ** | बुझिलिनेको हस्ताक्षर | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

.................. .................... ..........................

हस्ताक्षर हस्ताक्षर हस्ताक्षर

हस्ताक्षर

सस्थाको कोषाध्यक्ष सस्थाको सचिव सस्थाको अध्यक्ष

वडा अध्यक्ष

**आज्ञाले**

गौतम भण्डारि

प्रमुख प्रशासकीय अधिकृत